नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

प.सं. :- ०८०/८१

च.नं. :- ३४१

मिति :- वि.सं. २०८०/१२/१२

ने.स. :- ११४४ चिल्लाथ्व, १५ सोमवार

**विषयः लोककल्याणकारी विज्ञापन प्रसारण गर्ने बारे।**

श्री सम्पूर्ण रेडियो(४५८) तथा टेलिभिजनहरु(८९),

.

विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्वन्धी कार्यविधि, २०८०को दफा ८(१) बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारण गर्न निवेदन दिएका विद्युतीय सञ्चारमाध्यमहरुमध्ये विज्ञापन प्रसारण गर्न छनौट भएका ४५८ वटा एफ.एम. रेडियो र ८९ वटा टेलिभिजनहरुले आ.व. २०८०/८१ का लागि बोर्डको वेभसाइट www.adboard.gov.np मा राखिएका लोककल्याणकारी विज्ञापन सामग्री (१५ वटा TVCs र २१ वटा PSAs) मिति २०८०/१२/१५ बाट देहायको समय वर्गीकरण तालिका र शर्तहरुको अधिनमा रही प्रसारण गर्नुहुन जानकारी गराइन्छ। लोककल्याणकारी विज्ञापन प्रसारण गर्न छनौट भएका ४५८ वटा रेडियो तथा ८९ वटा टेलिभिजनहरुको सूची बोर्डको वेभसाइटमा रहेको सूचीकरण विवरण अन्तर्गतको मेनुमा राखिएको छ।

**आ.व.२०८०/८१ मा विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणको समय वर्गीकरण तालिका**

(क) टेलिभिजन (केबल, भू-सतही, भू-उपग्रह) तर्फ

| समयको वर्गीकरण | समय | प्रसारण समय मिनेट | कैफियत |
|---|---|---|---|
| सुपर प्राइम (५० %) | साँझ ७:०० बजेदेखि बेलुका ९:०० बजेसम्म | ६० | दिनमा कम्तीमा १ स्पट प्रसारण भएको हुनुपर्ने। |
| प्राइम (४० %) | बिहान ७:०० बजेदेखि बिहान ९:०० बजेसम्म<br>राती ९:०० बजेदेखि राती १०:०० बजेसम्म | ४२ | हप्ताको ५ दिन (सोमबार र मंगलबार बाहेक) १ स्पटका दरले प्रसारण भएको हुनुपर्ने। |
| सामान्य (१०%) | बिहान ६:०० बजे देखि बिहान ७:०० बजेसम्म<br>बिहान ९:०० बजेदेखि बिहान १०:०० बजेसम्म<br>साँझ ५:०० बजेदेखि साँझ ६:०० बजेसम्म | २४ | बिहीबार, शुक्रबार र शनिबार १ स्पटका दरले प्रसारण भएको हुनुपर्ने। |
| | जम्मा | **१२६ मिनेट** | |

ख) रेडियो एफ. एम. तर्फ

| समयको वर्गीकरण | समय | प्रसारण समय मिनेट | कैफियत |
|---|---|---|---|
| सुपर प्राइम (५० %) | बिहान ६:०० बजेदेखि बिहान ८:०० बजेसम्म<br>साँझ ६:०० बजेदेखि साँझ ८:०० बजेसम्म | १७२ | दिनमा कम्तीमा ३ स्पट प्रसारण भएको हुनुपर्ने। |
| प्राइम (४० %) | बिहान ८:०० बजेदेखि बिहान ९:०० बजेसम्म<br>बेलुका ८:०० बजेदेखि बेलुका ९:०० बजेसम्म | १४४ | दिनमा कम्तीमा २ स्पट र शनिबारको हकमा कम्तीमा ४ स्पट प्रसारण भएको हुनुपर्ने। |
| सामान्य (१०%) | बिहान ९:०० बजेदेखि दिउँसो ११:०० बजेसम्म<br>राती ९:०० बजेदेखि राती ११:०० बजेसम्म | ६३ | दिनमा कम्तीमा १ स्पट प्रसारण भएको हुनुपर्ने। |
| | जम्मा | ३७९ मिनेट | |

**शर्तहरु:**

१. विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्वन्धी कार्यविधि, २०८० का आधारमा लोककल्याणकारी विज्ञापन प्रसारण गर्न छनौट भएका रेडियो तथा टेलिभिजनहरुले बोर्डबाट स्वीकृत वर्गीकृत समय तालिका बमोजिम मिति २०८० चैत १९ गतेभित्र लोककल्याणकारी विज्ञापन प्रसारण गर्ने प्रसारण तालिका (Broadcast Schedule) तयार गरी विज्ञापन बोर्ड र रकम भुक्तानी गर्ने सम्बन्धित हुलाक निर्देशनालय वा जिल्ला हुलाक कार्यालयमा पेश गर्नु पर्नेछ।

२. सम्बन्धित निकायले अनुगमन तथा निरीक्षणका क्रममा सञ्चारमाध्यमले तोकिएको समयमा प्रसारण तालिका बमोजिम विज्ञापन प्रसारण गरेको नपाईएमा भुक्तानी दिइने छैन।

३. विज्ञापन बोर्डले पठाएका विज्ञापनहरु आफु खुसी सम्पादन गरी प्रसारण गर्न पाईने छैन र त्यसो गरेको पाइए भुक्तानी गरिने छैन।

४. विज्ञापन बोर्डले पठाएका विज्ञापन सम्बन्धित रेडियो तथा टेलिभिजनले सामाजिक उत्तरदायित्व अन्तर्गत थप समय र अवधिमा प्रसारण गर्न चाहे प्रसारण गर्न सक्नेछन्। त्यसरी प्रसारण गरेवापत बोर्ड तथा हुलाक निर्देशनालय/ हुलाक कार्यालयले थप भुक्तानी उपलब्ध गराउने छैन।

५. कुनै कारणवस प्रसारण अवरुद्ध भई विज्ञापन प्रसारण हुन नसके तत्काल बोर्ड तथा हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयलाई जानकारी गराई अवरुद्ध समयावधिभरको विज्ञापन अन्य दिनहरुमा (२०८१ जेठ १५ गतेभित्र) प्रसारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ र सो को जानकारी बोर्ड तथा सम्बन्धित हुलाक कार्यालयलाई गराउनु पर्नेछ ।

६. बोर्डले तोके बमोजिमको प्रसारण तालिका अनुसार प्रसारण नगरी कम प्रसारण गरेमा कम प्रसारण गर्ने रेडियो तथा टेलिभिजनलाई प्रसारण गरेको आधारमा लोककल्याणकारी विज्ञापन बापतको रकम प्रसारण अनुपातका आधारमा भुक्तानी

नेपाल सरकार विज्ञापन बोर्ड बबरमहल, काठमाडौं

गरिनेछ।

७. बोर्डले स्वीकृत गरेको समय वर्गीकरण तालिकाका आधारमा प्रसारण गर्ने संस्थाले पेश गरेको प्रसारण तालिका(Broadcast Schedule) बमोजिम प्रसारण गरेको नपाइएमा भुक्तानी गरिने छैन।

८. रेडियो तथा टेलिभिजनहरुले लोककल्याणकारी विज्ञापन सामाग्री वि.सं. २०८१ जेठ १५ गतेभित्र प्रसारण गरी जेष्ठ २५ गतेभित्र बोर्ड, हुलाक निर्देशनालय वा जिल्ला हुलाक कार्यालयमा भुक्तानीका लागि माग गर्नुपर्नेछ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Anjali Keshari
kesharianjali54@gmail.com

(अंजली केशरी)
कम्प्युटर इन्जिनियर